annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९४ पृष्ठ १० | काठमाडौं, शुक्रबार १६ साउन २०८२ | श्रावण शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | FRIDAY, AUGUST 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गति लिँदै लुम्बिनीका अनुहार बदल्ने योजना



लुम्बिनीमा के छैन ? गाउँमा सजिएर बसेका खानीहरू छन् । अन्तर्राष्ट्रिय विमानस्थलदेखि पहाड फोरेर बनाइएको सुरुङमार्ग छन् । फराकिला ६/६ लेनका सडक यही प्रदेशका ठूला सहरमा बनेका छन् । जलाशययुक्त जलविद्युत् आयोजनादेखि राष्ट्रिय राजमार्गले जोडिएका जिल्लाहरू यहीं पर्छन् । पूर्व-पश्चिम महेन्द्र राजमार्गमा पर्ने बुटवलको तिनाउ खोलामा निर्माण गर्न लागिएको सिंग्नेचर पुल प्रशस्त सम्भावनाको अर्को ढोका हो । नेतैनेता जन्माउने प्रदेशको रूपमा चिनिएको लुम्बिनीबाट राष्ट्रिय राजनीतिमा प्रभाव पार्न सक्ने नेता र जो दलको नेतृत्वमा सरकार बने पनि सत्तामा पहुँच हुँदा विकासका ठूला योजनाले पछ्याइरहेको छ । तर, निर्माण सम्पन्न भएर पनि सञ्चालनमा ढिलासुस्ती र निर्माणाधीन योजनाले चाहेअनुसार गति नलिँदा नागरिकको निराशा भने रोकिएको छैन ।

समाचार पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*

- को रिपोर्ट

निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग । ● केशरराज क्षेत्री

### यी हुन् लुम्बिनी चिनाउने योजना

- बुटवलको तिनाउ खोलामा सिंग्नेचर पुल
- बुटवल–नारायणगढ सडक
- बुटवल–गोरुसिंगे ६ लेन सडक
- घोराही-तुल्सीपुर ६ लेन
- मदन भण्डारी राजमार्ग लुम्बिनी खण्ड
- जलाशययुक्त नौमुरे जलविद्युत् आयोजना
- सिद्धबाबा सुरुङमार्ग
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल
- बुटवलभरि फराकिला सडक
- एउटै सहरमा वारिपारि दुई केबलकार (बुटवल)
- बुटवल–भैरहवा ६ लेन सडक
- कोहलपुर नेपालगन्ज ६ लेन सडक
- सालझण्डी ढोरपाटन सडक
- दुई प्रदेश जोड्ने रामपुर कपुरकोट सडक

### एक वर्षमा कति बने बाटा, कति बने पुल ?

कालोपत्रे (किमि)
१७६

पक्की पुल
४०

आरसीसी सडक (किमि)
३६

कच्ची सडक नयाँ निर्माण (किमि)
१२५

झोलुंगेपुल बृहत मर्मत (वटा)
११

झोलुंगेपुल (वटा)
१५

ग्राभेल सडक (किमि)
१७६.२९

सम्पन्न भएका योजनाहरू
१६४४

सम्पन्न हुन नसकेका योजनाहरू
३१३

*स्रोत : भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश*

## हजारौं श्रमिक अलपत्र, वर्षमा १ को मात्र उद्धार

- ७० शव नेपाल ल्याइयो, १,१८० शव घर वा आर्यघाटसम्म ढुवानी

अन्नपूर्ण | *काठमाडौं*

वैदेशिक रोजगारीको सिलसिलामा वार्षिक हजारौं नेपाली विदेशमा अलपत्र पर्ने गरेका छन्। तर, तीमध्ये वर्षमा एक जनाको मात्र उद्धार हुने गरेको पाइएको छ। वैदेशिक रोजगार बोर्ड श्रम स्वीकृत नभएका र नगरी गएका कामदारको हकमा केही गर्न नसक्ने भन्दै पन्छिने गरेको छ।

श्रम मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार बोर्डले बिहीबार एक कार्यक्रमका बीच सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा बोर्डले एक वर्षमा विदेशमा अलपत्र परेका एक जना कामदारको मात्रै उद्धार गरेको उल्लेख छ। वैदेशिक रोजगार कल्याणकारी कोषअन्तर्गत ३ सय जना अलपत्र कामदारको उद्धार गर्ने वार्षिक लक्ष्य रहेको प्रतिवेदनले जनाएको छ।

कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक द्वारीका उप्रेतीले वैदेशिक रोजगार बोर्डले आर्थिक वर्ष २०८१/८२ मा १ हजार १ सय ८० नेपालीको शव घरसम्म ढुवानी गरेको तथ्यांक सार्वजनिक गरे। बोर्डले यी शवहरू आफ्नै पहलमा विदेशबाट ल्याएको भने होइन। श्रम स्वीकृत भएका र लिएर गएका श्रमिकको मृत्यु भएको हकमा उनीहरूले काम गर्ने कम्पनीले नै शव नेपाल पठाउने गरेका छन्। त्रिभुवन विमानस्थलमा आएको शवलाई बोर्डले पशुपति आर्यघाट तथा सम्बन्धित व्यक्तिको घरसम्म मात्रै पुर्‍याउने गरेको छ।

बोर्डले आव २०८१/८२ मा विभिन्न देशमा अलपत्र परेका ७० वटा शव नेपाल झिकाएको छ। जबकी बोर्डले वार्षिक २ सयवटा अलपत्र शव झिकाउने लक्ष्य राखेको थियो। १,२५० जना मृतक कामदारका परिवारलाई बोर्डले आर्थिक सहायता गरेको तथ्यांक सार्वजनिक गरेको छ। उप्रेतीले बोर्डले वैदेशिक रोजगारीमा जाने श्रमिकको हकहितका लागि काम गरिरहेको बताए। उनले भने, 'बोर्डले बिरामी कामदारलाई आर्थिक सहायता गरेका छौं, कामदारका परिवारलाई स्वास्थ्य उपचारमा सहयोग गरेका छौं। उनीहरूका सन्ततीलाई छात्रवृत्ति प्रदान गरेका छौं।'

बोर्डले सार्वजनिक गरेको तथ्यांक हेर्ने हो भने पनि निकै थोरै संख्यामा मात्रै कामदारका परिवारले यस्ता सहयोग पाएका छन्। लाखौं व्यक्ति वैदेशिक रोजगारीमा गएका छन्।

» बाँकी पृष्ठ ६

## मन्त्री हेरफेरको गृहकार्य सुरु

सुरेन्द्र काफ्ले | *काठमाडौं*



सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेले मन्त्री हेरफेरको गृहकार्य सुरु गरेका छन् । सत्तारूढ दुई दल कांग्रेस र एमालेका शीर्ष नेताहरूबीचमा मन्त्री हेरफेरको विषयमा छलफल भएको छ। बिहीबार प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली तथा कांग्रेस सभापति शेरबहादुर देउवासहित उपस्थितिमा दुई दलका शीर्ष नेताहरूले सरकार हेरफेरको विषयमा छलफल गरेका हुन्।

शीर्ष नेताको बैठकमा एमाले उपाध्यक्ष तथा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल र महान्यायाधिवक्ता रमेश बडाल सहभागी थिए। त्यसपछि राजनीतिक संयन्त्रको बैठक बसेको छ। केपी शर्मा ओली नेतृत्वको सरकार बनेको एक वर्ष पूरा भएको छ। प्रधानमन्त्री ओली मन्त्री हेरफेर गरेर दोस्रो वर्ष नयाँ मन्त्रिमण्डलका साथ अघि बढ्ने योजनामा थिए तर त्यो बेला सत्ता साझेदार कांग्रेस त्यसमा इन्छुक देखिएन। जसले मन्त्रिपरिषद् पुनर्गठनमा बिलम्ब भएको हो। २०८१ असार ३१ मा ओली नेतृत्वको सरकार बन्दा नै मन्त्रीहरूलाई एक वर्षको कार्यकालको समय अबधि भनिएको थियो। प्रधानमन्त्री ओली कार्यक्षमता कमजोर रहेका र विवादमा परेका मन्त्रीलाई हेरफेर गर्न चाहान्छन्।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रिपरिषद् पुनर्गठनको सम्भावना रहेको समेत बताए। मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा मन्त्री गुरुङले सत्तारूढ दलहरूबीच सहमति जुटेमा पुनर्गठन हुन सक्ने बताए। मन्त्री गुरुङले भने, 'सामान्यतया २-३ महिनामा मन्त्रिपरिषद् पुनर्गठन हुने देश हाम्रोमा १३ महिनादेखि भएको छैन। अब होला भनेर सर्वत्र चासो राखिएको छ, यो अस्वाभाविक पनि होइन।' एमाले उपमहासचिवसमेत गरेका गुरुङले कांग्रेस एमाले सम्मिलित राजनीतिक संयन्त्रमा सहमति जुटेमा मन्त्रिपरिषद् पुनर्गठन हुने स्पष्ट पारे। कांग्रेसका सूचना तथा सञ्चार प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले संघमा मन्त्रीको हेरफेर गर्न प्रधानमन्त्रीको चाहाना रहेको बताए। उनले मन्त्री हेरफेरको विषयमा सभापति शेरबहादुर देउवा र पदाधिकारी छलफल गरेर निर्णय लिने उनले जानकारी दिए। उनले भने, 'प्रधानमन्त्रीले मन्त्री फेर्न चाहानुभएको छ, हाम्रो पार्टीमा सभापति र पदाधिकारी बसेर यो विषयमा निर्णय गर्छौं।' कांग्रेस प्रचार विभाग प्रमुख विश्वकर्मा पनि राजनीतिक संयन्त्रमा सहमति भएमा हेरफेर हुन सक्ने बताउँछन्।

अर्थमन्त्री पौडेल, परराष्ट्रमन्त्री आरजु राणा देउवा, गृहमन्त्री लेखक र सञ्चारमन्त्री गुरुङबाहेक सबैजसो हेरफेर हुने सम्भावना छ। हालै मन्त्री बनाइएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपाने कायम रहन सक्छन्।

योबीच जनता समाजवादी पार्टी नेपालले उपेन्द्र यादवलाई सरकारमा ल्याउनसमेत केही समयअघि प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाबीच पटक-पटक वार्ता भएको थियो तर यादवसँग कुरा नमिलेपछि जसपा नेपालले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ। विवादको भूमरीमा रहेका नागरिक उन्मुक्तिले सरकारलाई दिएको समर्थन फिर्ता गरेको छ।

» बाँकी पृष्ठ ५

## साउदीले दियो ६५ नेपालीलाई आममाफी



**साउदी** (अन्नपूर्ण) : वैदेशिक रोजगारीका क्रममा साउदी अरेबिया पुगेका सम्बन्धित कम्पनीबाट भागेर साउदी सरकारको कानुन नियमविपरीत काम गरी जेल सजाय भोगेका ६५ जना नेपालीलाई साउदी सरकारले आममाफी दिएको छ।

दूतावास रियादका अनुसार पवित्र महिना रमजान १४४६ को अवसर पारी साउदीको जेलमा रहेका ६५ जना नेपालीलाई साउदी सरकारले दूतावासलाई लिखित रूपमा सूचना दिई आममाफी दिएको जानकारी गराएको छ। साथै नेपाली दूतावासले उनीहरूको बाँकी सजाय अवधि मिनाहा गरी आममाफी दिएको जानकारीसमेत दिएको छ। आममाफी पाउने साउदीका विभिन्न सहर र विभिन्न जेलमा रहेका थिए।

» बाँकी पृष्ठ ६

## ६ लाख विद्यार्थी माझ फुटबल पुर्‍याइने

नमिता दाहाल | *काठमाडौं*

अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले फुटबलको माध्यमबाट बालबालिकाको क्षमता अभिवृद्धि गर्न नेपालमा 'फुटबल फर स्कुल' कार्यक्रम सञ्चालन गर्ने भएको छ। युनिसेफसँगको सहकार्यमा सञ्चालन हुने यो कार्यक्रमको बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीले शुभारम्भ गरेका हुन्। फिफाका डेलिगेसनसहित नेपालले दशरथ रंगशालामा यो कार्यक्रमको उद्घाटन गरेको हो। विशेषत: यो कार्यक्रम ४ देखि १४ वर्षसम्मका विद्यालयका छात्रछात्रालाई लक्षित कार्यक्रम हो। फिफाले पहिलो पटक आफ्नो २ सय ११ वटा सदस्य राष्ट्रमा यो कार्यक्रम लागू गर्न लागेको हो। फिफाका १ सय ३९ भन्दा बढी राष्ट्रले यो कार्यक्रमलाई पहिलो पटकमै खुलेर स्वागत गरेका छन्।

फिफाका अनुसार यसको अवधारणा सन् २०१९ मा लेबनानमा सुरु गरिएको थियो। सन् २०२१ देखि २०२३ सम्म चल्ने आकलन गरिएको यो कार्यक्रम २०२५ मा नेपालमा पनि प्रवेश गर्न सफल भएको हो।

नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय, शिक्षा मन्त्रालयलाई समेत सहभागी गराएर अखिल नेपाल फुटबल संघ (एन्फा)को सहयोगमा यो अभियान सञ्चालन गर्न लागेको हो। फिफाले दक्षिण एसियाली क्षेत्रमा यसअघि भारतमा यो कार्यक्रम लागू गरेको थियो।

यो कार्यक्रमबाट नेपालका ६ लाखभन्दा बढी विद्यार्थी र ५० हजारभन्दा बढी शिक्षक र प्रशिक्षक लाभान्वित हुने अपेक्ष गरिएको छ। नेपालका ६८ जिल्लाबाट १,०७२ विद्यालयले हालसम्म यो कार्यक्रमका लागि स्वीकृति लिइसकेका छन्। बाँकी ९ जिल्लाबाट भने एउटा पनि विद्यालयले यस कार्यक्रमका लागि दर्ता नगराएको एन्फाले जनाएको छ।

जसमा तेह्रथुम, पर्वत, म्याग्दी, प्युठान, अर्घखाँची, दैलेख, डोटी, दार्चुला र बैतडी छन्। उनीहरूलाई पनि यस कार्यक्रममा सहभागी गराउने प्रयास जारी रहेको एन्फाले जानकारी दिएको छ। यस कार्यक्रममार्फत विद्यालयको पाठ्यक्रमसँगै खेल समावेश गरी विद्यार्थीमा जीवन उपयोगी सीप विकास गर्ने र ग्रासरुट फुटबलको विकासमा टेवा पुग्ने लक्ष्य राखिएको एन्फाले जनाएको छ।

### छनौट भएका विद्यालयहरू

देशभरिका विद्यालयलाई सहभागिता गराउन एन्फाले आफ्नो वेबसाइटमा फर्मसहित मापदण्ड खुलाएको थियो। यो कार्यक्रममा सहभागी हुन विद्यालयसँग अनिवार्य रूपमा शारीरिक शिक्षा सिकाउने एक जना प्रशिक्षक हुनुपर्ने, फुटबल तथा फुटसलको एउटा मैदान हुनुपर्ने मापदण्ड बनाइएको छ। यी मापदण्ड पूरा गरेका विद्यालयले मात्रै यो कार्यक्रममा सहभागी हुन पाउनेछन्।



यो कार्यक्रमले विद्यालय स्तरका बालबालिकालाई व्यक्तिगत क्षमता अभिवृद्धिमा सहयोग पुग्ने प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वास लिएका छन्। उनले अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा नेपालले भाग लिन पाउनु गर्वको कुरा रहेको बताए। 'विश्वस्तरीय कार्यक्रममा नेपालले पनि फुटबलको माध्यमबाट समावेशीता जनाउन पाउनु गर्वको कुरा हो,' प्रधानमन्त्री ओलीले भने।

त्यस्तै एन्फाका महासचिव किरण राईले यस कार्यक्रममार्फत नेपालका बालबालिकालाई क्षमता अभिवृद्धिमा सहयोग पुग्ने बताए। अन्नपूर्ण पोस्ट्सँग उनले भने, 'यो कार्यक्रमले फुटबल खेलाडी उत्पादनमा सहयोग पुर्‍याउनुको साथै फिफाको उद्देश्यजस्तै बालबालिकाको व्यक्तित्व विकासमा पनि सहयोग पुर्‍याउने छ।'

### नेपालमा यो कार्यक्रम किन ?

फुटबलको सर्वोच्च निकाय फिफाले युनेस्कोसँगको सहकार्यमा विश्वका ७० करोड बालबालिकालाई यस कार्यक्रममा जोड्ने उद्देश्य लिएको छ। उनीहरूलाई फुटबलको माध्यमबाट क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य राखेर कार्यक्रमको सुरुवात गरिएको फिफाले जनाएको छ। हुर्कँदै गरेका बालबालिकालाई भविष्यमा शिक्षासहित क्षमता अभिवृद्धि गराउने प्रमुख लक्ष्य रहेको फिफाले आफ्नो वेबसाइटमा उल्लेख गरेको छ।

» बाँकी पृष्ठ ५